# मिति २०८२।०८।२५ मा बसेको टीकापुर नगरपालिकाको ५८ औं कार्यपालिका बैठकवाट भएका निर्णयहरुको संक्षिप्त विवरण

| | |
|---|---|
| ०१. | टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रहरी सहायक निरिक्षक पदमा कार्यरत श्री पहल वहादुर शाहलाई उपचार खर्च उपलब्ध गराउने । |
| ०२. | लामो समय ग्रामिण क्षेत्रमा स्वास्थ्य सेवा प्रवाह गरी सेवा निबृत्त महिला स्वास्थ्य स्वयंसेविकालाई दीर्घ सेवावाट सम्मान गर्ने । |
| ०३. | यस नगरपालिका क्षेत्रका विपन्न नागरिकहरुको दीर्घरोगका कारण उपचारमा आर्थिक समस्या भै उपचारमा कठिनाई भएका व्यक्तिलाई आर्थिक सहयोग उपलब्ध गराउने । |
| ०४. | टीकापुर नगरपालिका क्षेत्रमा आई पर्ने विपद सम्बन्धी घट्ना न्युनिकरण तथा व्यवस्थापन गर्ने विपद सम्बन्धी सामाग्री खरिद तथा कार्यक्रम सञ्चालन गर्ने । |
| ०५. | टीकापुर नगरपालिकाको आन्तरिक आयको मुख्य श्रोतको रुपमा रहेको ढुङ्गा, गिट्टी र वालुवा जस्ता नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण गर्न ठेक्का बन्दोबस्त अगाडी बढाउने । |
| ०६. | भू-उपयोग क्षेत्र वर्गीकरण नगरी नगरपालिका क्षेत्रमा कित्ताकाट लगायतका जग्गा विक्री वितरण सँग जोडिएका विषयहरुमा २०८३ श्रावण देखि रोक लगाएको हुँदा तत्काल भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने कार्य अगाडी बढाउने । |
| ०७. | यस नगरपालिका क्षेत्रमा समस्याका रुपमा रहेको सिकलसेल, एनिमियम रोगीहरुलाई उपचारमा राहत दिन निशुल्क स्वास्थ्य विमा सम्बन्धी कार्यविधि निर्माण गर्न कार्यदल गठन गर्ने । |
| ०८. | टीकापुर नगरपालिका वडा नं.१ स्थित तिन पुरुवा पक्कीपुल देखि विशालनगर स्कुल सम्मको वाटोमा माटो पटानी तथा ग्रभेल गर्न थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । |
| ०९. | ईसाइ धर्मावलम्बीहरुको क्रिष्टमस पर्वमा आयोजना हुने कार्यक्रमका लागी आर्थिक सहयोग उपलब्ध गराउने । |
| १०. | शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रका सञ्चालनका लागी रोकीएको कार्य तत्काल अगाडी बढाउने । |
| ११. | टीकापुर नगरपालिका क्षेत्रका दलित तथा महिलाहरुको सशक्तीकरणका लागी दलित तथा महिलाहरुको सशक्तीकरण कार्यविधि निर्माणका लागी कार्यदल गठन गर्ने । |
| १२. | आ.व.२०८१/०८२ को नीति कार्यक्रम तथा वजेट निर्माण भइ कार्यान्वयनमा रहेका योजनाहरु उक्त आ.व.मा निर्माण सम्पन्न हुनु पर्नेमा सम्पन्न नभई अधुरा तथा वाँकी रहेका योजनाहरुको पौष मसान्त सम्म निर्माण भई दायित्व सृजना भएका आयोजनाहरुको भुक्तानी प्राथमिकताको आधारमा गर्दै जान नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने र पौष मसान्त सम्म पनि कार्य आरम्भ नभएका आयोजनाको हकमा म्याद थप नगरी नियमानुसार जरीवाना लगाउने । |
| १३. | आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप संचालन निर्देशिका/रणनीतिमा तोकिए बमोजिमका क्रियाकालाप कार्यान्वयनका लागि नगरपालिकाले साझेदारी गर्ने । |
| १४. | वडा नं.७ मा वरघर घर निर्माणका लागि वडावाट सिफारिस भै आएको जग्गा नगरपालिकाको नाममा पास गर्न |

५८ औं कार्यपालिका निर्णय मिति २०८२।०८।२५

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

०८२।०८।२५

सूचना अधिकारी

| | |
|---|---|
| | प्रकृया थालनी गरी निर्माण कार्य अगाडी बढाउने । |
| १५ | टीकापुर देखि टीकापुर पार्क जाने सडक मर्मतका लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने । |
| १६ | टीकापुर उद्दोग वाणिज्य संघको आयोजनामा सञ्चालन हुने व्यापारमेलालाई सहयोग उपलब्ध गराउने । |
| १७ | टीकापुर नगरपालिका वडा नं.३ बस्ने सृष्टी चौधरीलाई सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायद्वारा सञ्चालित कृषि स्नातक तह (B.Sc.Ag) अध्ययन गर्नका लागी छात्रवृत्तिका प्रदान गर्ने । |
| १८ | फुटवल क्लब टीकापुरलाई खेलकुद सामाग्री उपलब्ध गराउने । |
| १९ | टीकापुर साहित्य महोत्सव,२०८२ थारु साहित्य तथा साँस्कृतिक उत्सव कार्यक्रम सञ्चालन गर्न सहयोग माग भई आएको सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । |
| २० | आर्थिक वर्ष २०८२।८३ मा "सामुदायीक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापन अनुदान" शिर्षकमा अपुग हुन आउने रकम विनियोजन गर्न आगामी नगरसभाको वैठकमा प्रस्ताव पेश गर्ने, टीकापुर नगरपालिका अन्तर्गत वडा नं. २ मा सञ्चालित श्री जनजागृति माध्यमिक विद्यालय सितापुर विद्यालयको जिर्ण भवनको विस्तृत रुपमा प्राविधिकहरु मार्फत अध्ययन गर्न लगाई प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय गर्ने साथै टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण सामुदायीक विद्यालयहरुको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय पक्षको समग्र अध्ययन गरि प्रतिवेदन पेश गर्ने कार्यका लागि अध्ययन समिति गठन गर्ने । |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२।०८।२८

सूचना अधिकारी

**सूचना अधिकारी**

५८ औं कार्यपालिका